Sub.Code : 2041'A'

# NEB - GRADE XII

## 2081 (2024)

## Education and Development

### Supplementary Examination

*विद्यार्थीहरुले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

**Time: 3 hrs.** **Full Marks: 75**

**सबै प्रश्नको उत्तर दिनुहोस् (Attempt all question)**

**समूह 'क' (Group 'A')**

**(अति संक्षिप्त उत्तरात्मक प्रश्नहरु/ Very short answer questions)** ११x१=११

१. शिक्षा र विकासबीच कुनै दुई अन्तरसम्बन्ध उल्लेख गर्नुहोस् ।
State any two interrelation between education and development.

२. दिगो विकासको कुनै दुईवटा सूचकहरु लेख्नुहोस् ।
Write down any two indicators of sustainable development.

३. समुदायको अर्थ दिनुहोस् ।
Give the meaning of community.

४. विकासमा जनसहभागिता भन्नाले के बुझिन्छ ?
What do you mean by people participation in development ?

५. नागरिक सचेतनाका लागि शिक्षाले कस्तो भूमिका खेल्छ ?
How do education play role for civic awareness ?

६. समावेशी शिक्षालाई परिभाषित गर्नुहोस् । (Define inclusive education.)

७. समतामूलक शिक्षा दिने कुनै दुईवटा उपायहरु उल्लेख गर्नुहोस् ।
Point out any two ways to provide equitable education.

८. विद्यालयमा शान्ति शिक्षाको कुनै दुईवटा आवश्यकता लेख्नुहोस् ।
Write down any two importance of peace education in school.

९. स्थानीय समुदाय स्तरमा के कस्ता द्वन्द्व हुने गर्छ ? दुईवटा उदाहरण दिनुहोस् ।
What type of conflict exist in local community ? Give two examples.

१०. शिक्षामा गरिने लगानीका दुईवटा फाइदा लेख्नुहोस् ।
Write any two advantages of the investment in education.

क्रमश:(Contd...)

११. सहभागितामूलक शैक्षिक योजना निर्माण गर्दा तपाईंले गर्नसक्ने दुईवटा भूमिका उल्लेख गर्नुहोस् ।

State any two role of make participatory education plan.

## समूह 'ख' (Group 'B')

**(संक्षिप्त उत्तरात्मक प्रश्नहरु/ Short answer questions)** ८x५=४०

१२. दिगो विकासका लक्ष्य प्राप्तिमा कोभिड महामारीले के कस्तो प्रभाव पाऱ्यो ? आर्थिक सामाजिक दृष्टिबाट उदाहरण दिई लेख्नुहोस् ।

How do covid-19 pandemic influenced on sustainable development goal achievement ? Give examples on socio-economic view.

अथवा (Or)

विकास र दिगो विकासलाई परिभाषित गर्नुहोस् । समान शिक्षा कायम राख्न दिगो विकास लक्ष्य अन्तर्गत के कस्ता क्रियाकलाप गर्न सकिन्छ ?

Define development and sustainable development. What type of activities can you maintain equal education for sustainable development goals ?

१३. सहभागितामूलक विकासको लागि तपाईंले आफ्नो समुदायमा गर्नसक्ने पाँचवटा क्रियाकलापहरु तयार पार्नुहोस् ।

Prepare any five activities for participatory development that can be done by yourself in your community.

१४. नागरिक शिक्षा, नैतिक शिक्षा र मानव मूल्य शिक्षाको अवधारणा स्पष्ट पार्नुहोस् ।

Clarify the concept on civic education, moral education and human value education.

१५. कक्षाकोठामा देखिने विविधताका प्रकारहरू र त्यसलाई सम्बोधन गर्ने शिक्षण व्यवस्थापनका तरिकाहरु प्रस्तुत गर्नुहोस् ।

Elaborate the types of diversity faced in classroom and way out to manage instructional process to address diversity.

१६. शिक्षामा समानता र समताको अवस्थामा सुधार गर्न वर्तमान विद्यालय शिक्षामा के कस्ता नीतिगत सुझाव आवश्यक देख्नुहुन्छ ? उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।

What type of policy level recommendation do you feel to improve the condition of equality and equity in school education. Illustrate.

१७. शान्ति र विकासबीचमा अन्तरसम्बन्ध स्पष्ट पार्नुहोस् ।

Clarify the interrelation between peace and development.

अथवा **(Or)**

**क्रमशः(Contd...)**

नेपालको विद्यालय तहमा शान्ति शिक्षाको आवश्यकता तथा महत्व वर्णन गर्नुहोस् ।
Explain the need and importance of peace education in school level of Nepal.

१८. शिक्षा विकासका लागि मानवीय स्रोत किन आवश्यक पर्छ ? छोटकरीमा लेख्नुहोस् ।
Why human resource is essential for education development ? Write in brief.

१९. नेपालमा विद्यालय सुधार योजनामा समावेश हुने पक्षहरुबारे चर्चा गर्नुहोस् ।
State components of school improvement plan in Nepal.

## समूह 'ग' (Group 'C')

**(विस्तृत उत्तरात्मक प्रश्नहरु/ Long answer questions)** ३x८=२४

२०. सिमान्तकृत वर्गभित्र के कस्ता समूहलाई सूचिकृत गरिएको छ ? सिमान्तकृत वर्गको सशक्तिकरणको लागि शिक्षाले खेल्ने भूमिका उदाहरणसहित प्रस्ट पार्नुहोस् ।
What type of cluster are listed in marginalized group ? Clarify the role of education for the empowerment of marginalized group with examples.

२१. जनआधारित विकासका मूल्य, मान्यता र आधारहरू कार्यान्वयन भएका अवस्थाहरू तपाईंको समुदायमा आधारित रही उचित उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।
State the conditions of implement pro-public development with criteria norms and values in your community based illustrations.

अथवा (Or)

नेपालमा समावेशी शिक्षाको प्रकृति र शिक्षालाई समावेशी बनाउने पाँचवटा तरिकाहरू उल्लेख गर्नुहोस् ।
State the nature of inclusive education in Nepal and explain five ways to make education inclusive.

२२. तपाईं कुनै एक आधारभूत विद्यालयको प्रधानाध्यापकको हैसियतमा रहेको महसुस गर्दै आफ्नो विद्यालयको विकासको लागि योजना तयार पार्नुहोस् ।
Prepare a school development plan for a basic level school by assuming you as a head teacher.

-0-